## सूचना ४

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी महेन्द्र आदर्श माध्यमिक विद्यालय, सात दोबाटो, ललितपुरले खरीद गर्ने नेपाल आएका पर्यटकले कार्नेअन्तर्गत ल्याएको स्क्यानीय (स्विडिस) कम्पनीले बनाएको च्यासिस नं. ५२४१८८ इन्जिन नं. ८४५६११ को मिनीबस– १ (एक) को आयातमा लाग्ने भन्सार महसूल र बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कृषि मन्त्रालयको सूचना

श्री ५ को सरकारले दाना पदार्थ नियमावली, २०४१ को नियम ३ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी कृषि मन्त्रालय अन्तर्गत केन्द्रीय खाद्य अनुसन्धान शालाका खाद्य अनुसन्धान अधिकृत श्री श्रीपति शर्मा बाशिष्ठलाई सार्वजनिक विश्लेषक तोकेको छ ।

आज्ञाले,
पृथुनरसिंह राणा
श्री ५ को सरकारको का. मु. सचिव



६४४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

नेपाल इन्जिनीयरिङ्ग सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ३ को उप-नियम (४) र (५) को प्रयोजनको लागि नेपाल इन्जिनीयरिङ्ग सेवामा देहायबमोजिमको पद समूहीकृत गरिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

| क्रम नं. | पदसङ्केत | स्थान | पदको नाम | निर्धारित | | | पदाधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सेवा | श्रेणी | समूह/उप-समूह | | |
| १. | उावााघााग्राा०७ा१ | घ.त.ग्रा.वि. | मेकानिकल अधिकृत | इन्जिनीयरिङ्ग | रा. प. तृतीय | मेकानिकल | श्री कृष्ण नारायण प्रधान | |

आज्ञाले,
मधुसूदन ढकाल
श्री ५ को सरकारको सचिव



६४८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।